www.prepp.in

Prepp
Your Personal Exams Guide

**Signature and Name of Invigilator**

1. (Signature) ______________________

   (Name) ______________________

2. (Signature) ______________________

   (Name) ______________________

**OMR Sheet No. :** ...............................................
(To be filled by the Candidate)

**Roll No.** | | | | | | | | |
(In figures as per admission card)

**Roll No.** ______________________
(In words)

**J 3 4 1 5**

# PAPER - II
# NEPALI

**Time : 1¼ hours]** **[Maximum Marks : 100**

Number of Pages in this Booklet : **12** Number of Questions in this Booklet : **50**

## Instructions for the Candidates

1. Write your roll number in the space provided on the top of this page.
2. This paper consists of fifty multiple-choice type of questions.
3. At the commencement of examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and compulsorily examine it as below :
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page. Do not accept a booklet without sticker-seal and do not accept an open booklet.
   (ii) **Tally the number of pages and number of questions in the booklet with the information printed on the cover page. Faulty booklets due to pages/questions missing or duplicate or not in serial order or any other discrepancy should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.**
   (iii) After this verification is over, the Test Booklet Number should be entered on the OMR Sheet and the OMR Sheet Number should be entered on this Test Booklet.
4. Each item has four alternative responses marked (1), (2), (3) and (4). You have to darken the circle as indicated below on the correct response against each item.

   **Example :** ① ② ● ④ where (3) is the correct response.
5. Your responses to the items are to be indicated in the **OMR Sheet given inside the Booklet only.** If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Read instructions given inside carefully.
7. Rough Work is to be done in the end of this booklet.
8. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except for the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
9. You have to return the original OMR Sheet to the invigilators at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are however, allowed to carry original question booklet and duplicate copy of OMR Sheet on conclusion of examination.
10. **Use only Blue/Black Ball point pen.**
11. **Use of any calculator or log table etc., is prohibited.**
12. **There are no negative marks for incorrect answers.**

## परीक्षार्थियों के लिए निर्देश

1. इस पृष्ठ के ऊपर नियत स्थान पर अपना रोल नम्बर लिखिए।
2. इस प्रश्न-पत्र में पचास बहुविकल्पीय प्रश्न हैं।
3. परीक्षा प्रारम्भ होने पर, प्रश्न-पुस्तिका आपको दे दी जायेगी। पहले पाँच मिनट आपको प्रश्न-पुस्तिका खोलने तथा उसकी निम्नलिखित जाँच के लिए दिये जायेंगे, जिसकी जाँच आपको अवश्य करनी है :
   (i) प्रश्न-पुस्तिका खोलने के लिए पुस्तिका पर लगी कागज की सील को फाड़ लें। खुली हुई या बिना स्टीकर-सील की पुस्तिका स्वीकार न करें।
   (ii) **कवर पृष्ठ पर छपे निर्देशानुसार प्रश्न-पुस्तिका के पृष्ठ तथा प्रश्नों की संख्या को अच्छी तरह चैक कर लें कि ये पूरे हैं। दोषपूर्ण पुस्तिका जिनमें पृष्ठ/प्रश्न कम हों या दुबारा आ गये हों या सीरियल में न हों अर्थात किसी भी प्रकार की त्रुटिपूर्ण पुस्तिका स्वीकार न करें तथा उसी समय उसे लौटाकर उसके स्थान पर दूसरी सही प्रश्न-पुस्तिका ले लें। इसके लिए आपको पाँच मिनट दिये जायेंगे। उसके बाद न तो आपकी प्रश्न-पुस्तिका वापस ली जायेगी और न ही आपको अतिरिक्त समय दिया जायेगा।**
   (iii) इस जाँच के बाद प्रश्न-पुस्तिका का नंबर OMR पत्रक पर अंकित करें और OMR पत्रक का नंबर इस प्रश्न-पुस्तिका पर अंकित कर दें।
4. प्रत्येक प्रश्न के लिए चार उत्तर विकल्प (1), (2), (3) तथा (4) दिये गये हैं। आपको सही उत्तर के वृत्त को पेन से भरकर काला करना है जैसा कि नीचे दिखाया गया है।

   **उदाहरण :** ① ② ● ④ जबकि (3) सही उत्तर है।
5. प्रश्नों के उत्तर **केवल प्रश्न पुस्तिका के अन्दर दिये गये OMR पत्रक पर ही** अंकित करने हैं। यदि आप OMR पत्रक पर दिये गये वृत्त के अलावा किसी अन्य स्थान पर उत्तर चिन्हांकित करते हैं, तो उसका मूल्यांकन नहीं होगा।
6. अन्दर दिये गये निर्देशों को ध्यानपूर्वक पढ़ें।
7. कच्चा काम (Rough Work) इस पुस्तिका के अन्तिम पृष्ठ पर करें।
8. यदि आप OMR पत्रक पर नियत स्थान के अलावा अपना नाम, रोल नम्बर, फोन नम्बर या कोई भी ऐसा चिह्न जिससे आपकी पहचान हो सके, अंकित करते हैं अथवा अभद्र भाषा का प्रयोग करते हैं, या कोई अन्य अनुचित साधन का प्रयोग करते हैं, जैसे कि अंकित किये गये उत्तर को मिटाना या सफेद स्याही से बदलना तो परीक्षा के लिये अयोग्य घोषित किये जा सकते हैं।
9. आपको परीक्षा समाप्त होने पर मूल OMR पत्रक निरीक्षक महोदय को लौटाना आवश्यक है और परीक्षा समाप्ति के बाद उसे अपने साथ परीक्षा भवन से बाहर न लेकर जायें। हालांकि आप परीक्षा समाप्ति पर मूल प्रश्न-पुस्तिका तथा OMR पत्रक की डुप्लीकेट प्रति अपने साथ ले जा सकते हैं।
10. **केवल नीले/काले बाल प्वाईंट पेन का ही इस्तेमाल करें।**
11. **किसी भी प्रकार का संगणक (कैलकुलेटर) या लाग टेबल आदि का प्रयोग वर्जित है।**
12. **गलत उत्तरों के लिए कोई नकारात्मक अंक नहीं हैं।**

www.prepp.in

Prepp
Your Personal Exams Guide

# NEPALI
# नेपाली
## PAPER - II
## प्रश्नपत्र – II

**Note :** This paper contains **fifty (50)** objective type questions, each question carrying **two (2)** marks. **All** questions are **compulsory**.

**द्रष्टव्य :** यस प्रश्नपत्रमा **पचासवटा (50)** बहु–विकल्पी प्रश्न छन्। प्रत्येक प्रश्न **दुई (2)** अङ्कको छ। **सबै** प्रश्नका उत्तर लेख्नु **अनिवार्य** छ।

**1.** निम्नलिखित लेखकका सही कृति चिन्हित गर्नुहोस्।

| | **क** | | **ख** |
|---|---|---|---|
| (a) | कुमार प्रधान | (i) | नेपाली लिटरेचर : ब्याकग्राउन्ड एन्ड हिस्टरी |
| (b) | माइकल हट | (ii) | ए हिस्टरी अव् नेपाली लिटरेचर |
| (c) | अभि सुवेदी | (iii) | नेपाली लिटरेचर इन अ नटसेल |
| (d) | नगेन्द्र शर्मा | (iv) | नेपाल : इट्स ल्याङ्ग्वेज एन्ड लिटरेचर |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (ii) | (i) | (iv) | (iii) |
| (2) | (i) | (iv) | (ii) | (iii) |
| (3) | (iv) | (i) | (ii) | (iii) |
| (4) | (ii) | (iv) | (i) | (iii) |

**2.** 'बुइँगल' मा सङ्ग्रहित 'आलुको टिफिन' कविता कुन पुस्तकबाट निकालिएको हो ?

(1) भोटको लडाइँको सवाई। (2) वजरीस्थान युद्ध।

(3) गफाष्टक। (4) हिमाली लोक–साहित्य।

**3.** ज्याक डेरिडाले 'डिफराँस' भन्ने अवधारणा कुन सन्दर्भमा प्रयोग गरेका छन् ?

(1) सङ्कथन भाषाको सामाजिक अभ्यास हो भनेर चिनाउन।

(2) भाषिक सुयोग्यता ठिम्याउन।

(3) विपठनको औचित्य बुझाउन।

(4) सङ्केतकको विभाजित प्रकृति औँल्याउन।

www.prepp.in

Prepp
Your Personal Exams Guide

**4.** कवि माधव घिमिरेका निम्नलिखित कृतिमध्ये कुन चाहिँ कविता होइन ?

(1) आफ्नो बाँसुरी आफ्नै गीत।
(2) राजेश्वरी।
(3) किन्नर-किन्नरी।
(4) राष्ट्र-निर्माता।

**5.** 'देहमुक्त' उपन्यास कस-कसको सहलेखनमा लेखिएको छ ?

(1) बेञ्जु शर्मा, ध्रुवचन्द्र गौतम र ध्रुव सापकोटा।
(2) गुप्त प्रधान र शरद् छेत्री।
(3) सुस्मिता नेपाल र रजनी ढकाल।
(4) सानु लामा र पूर्ण राई।

**6.** 'तमाखु वर्णन' कविता कसले रचेका हुन् ?

(1) लक्ष्मीदत्त पन्त।
(2) राजीवलोचन जोशी।
(3) छविलाल शर्मा।
(4) मोतीराम भट्ट।

**7.** नेपाली सुखसागर 'सुखार्णव' को तर्जुमाकार को हुन् ?

(1) दीनानाथ सापकोटा।
(2) चिरञ्जीवी शर्मा।
(3) शिखरनाथ सुवेदी।
(4) होमनाथ खतिवडा।

**8.** "अनुभवभन्दा बाहिर पाउन सक्ने चाख प्रतीकात्मक हुन्छ, सङ्केतजनित। त्यसैले यो कथा सत्य र असत्यको तराजुमा नजोखिने एउटा वृत्तान्त हो।"

– यो कुन कृतिका बारेमा गरिएको मन्तव्य हो ?

(1) शिरीषको फूल।
(2) प्रह्लाद।
(3) सुम्निमा।
(4) नरसिंह अवतार।

**9.** जर्मन मनोविश्लेषक इरिक फ्रोमले कुन पुस्तकमा सपना र मिथकमाझ समानता रहेको कुरा गरेका छन् ?

(1) फरगटन ल्याङ्ग्वेज।
(2) द डायनामिक्स अव् फोकलोर।
(3) द साइन्स अव् फोकलोर।
(4) प्याटर्नस् अव् फोक लिटरेचर।

www.prepp.in

Prepp
Your Personal Exams Guide

**10.** आशुकवि शम्भुप्रसाद ढुङ्गेलले कुन पौराणिक पात्रका आधारमा आफ्नो काव्यकृति 'चन्द्रवदनी' की नायिकाको चरित्र चित्रण गरेका छन् ?

(1) द्रौपदी। (2) उर्वशी। (3) मेनका। (4) शकुन्तला।

**11.** दार्शनिक र बौद्धिक चिन्तन परम्परामा 'म सोच्छु, त्यसैले म छु' भन्ने विख्यात कथन कसको हो ?

(1) देकार्त। (2) किर्केगार्ड। (3) हाइडेगर। (4) सार्त्र।

**12.** आदिमतापरक समालोचनाका प्रसङ्गमा अमहत्त्वपूर्ण देखिने कुनै तत्त्वका सम्पूर्णमा अन्तर्निहित तात्पर्यको आधानलाई के भनिन्छ ?

(1) सघनीकरण। (2) तिरोभवन। (3) अतिनिर्धारण। (4) समानान्तरण।

**13.** वाल्टर पेटरलाई प्रभाववादी समालोचक मान्दै उनको समीक्षालाई 'रङ उड्दै गएको समालोचना' भन्ने आलोचक को हुन् ?

(1) टी.एस. इलियट। (2) अलजेर्नन स्विनवर्न। (3) स्टिफन मलार्मे। (4) अगस्त स्लेगल।

**14.** 'चन्द्रिका' को भाषालाई पादरी गङ्गाप्रसाद प्रधानले 'काशीभाषे बोली' भनी गरेको प्रसिद्ध टिप्पणीका सन्दर्भमा इन्द्रबहादुर राईले 'काशीभाषे बोली' वास्तवमा कहाँको भाषा थियो भनेका छन् ?

(1) बनारसेली भाषा। (2) दार्जिलिङेली भाषा।

(3) काठमाडौँली भाषा। (4) देहरादुनेली भाषा।

**15.** प्रकृतवादी सौन्दर्यशास्त्रको आधारशिला मानिएको इमाइल जोलाकृत कृति कुन हो ?

(1) प्राइड एन्ड प्रेजुडिज। (2) पामेला।

(3) ली रोमन एक्सपेरिमेन्टल। (4) एमिलिया।

**16.** 'रतनसीङ गुरुङको औटपोष्टको कथा' (इ 1914) का अनुवादक को हुन् ?

(1) हविल्दार मानसिंह ठाकुर। (2) सुबेदार मेजर अम्मर सीं थापा।

(3) राजा जयपृथ्वीबहादुर सिंह। (4) चिरञ्जीवी पौडेल।

17. वासुदेव त्रिपाठीका मतअनुसार पाश्चात्य साहित्यिक समालोचना र सैद्धान्तिकीकरणका सन्दर्भमा अनुकरणात्मक दृष्टिविन्दु कुन हो ?

(1) विश्वप्रकृतिपरक। (2) स्रष्टापरक। (3) अभिव्यक्तिपरक। (4) कृतिपरक।

18. तलका मध्ये कुन चाहिँ कृति ब्रह्म शमशेरको हो ?

(1) कविभानुभक्ताचार्यको जीवनचरित्र। (2) कवि भानुभक्त।
(3) भानुभक्त आचार्यको सच्चा जीवनचरित्र। (4) भक्त भानुभक्त।

19. 'लाटी' शब्दले स्त्रीजातिमा पाइने भिन्न प्रकारको योग्यतालाई प्रस्ट्याउँछ भने काव्यशास्त्रमा यस शब्दले कुन तत्त्वलाई प्रस्ट्याउँछ ?

(1) छन्द। (2) अलङ्‌कार। (3) रीति। (4) गुण।

20. तलका मध्ये कुन कथन सही हो ?

(1) इतिवृत्त आख्यानको उपसंहार हो। (2) इतिवृत्त घटनाहरूको शृङ्खलाबद्ध विधान हो।
(3) इतिवृत्त आख्यानको विस्तार हो। (4) इतिवृत्त आख्यानको द्वन्द्व हो।

21. उत्तरआधुनिकतावादलाई 'प्रौढ पुँजीवादको प्रधान सांस्कृतिक तर्क' का रूपमा हेर्ने विद्वान् को हुन् ?

(1) ज्याँ बोद्रिला। (2) ज्याँ फ्राँस्वा।
(3) मिसेल फुको। (4) फ्रेडरिक जेमेसन।

22. हृदयचन्द्रसिंह प्रधानका तलका कृतिमध्ये कुन चाहिँ निबन्ध विधाको रचना होइन ?

(1) कुरा साँचो हो। (2) स्वास्नी मान्छे।
(3) तीस रुपियाँ नोट। (4) अफसोस।

23. 'म यो फ्याक्टलाई कम्प्लिटली एक्सेप्ट गर्छु।'

– माथिको नमुना वाक्यलाई भाषा अध्ययनको क्षेत्रमा कुन किसिमको विशेषता भनेर चिनिन्छ ?

(1) ट्याबु। (2) पिजिन। (3) कोड स्विचिङ। (4) प्रयोजन।

www.prepp.in

Prepp
Your Personal Exams Guide

**24.** तलका भाषा परिवार र तिनका भाषालाई सही क्रम मिलाएर चिन्हित गर्नुहोस् :

| | क | | ख |
|---|---|---|---|
| (a) | आग्नेसियाली परिवार | (i) | मैथिली, भोजपुरी, अवधी |
| (b) | द्रविड परिवार | (ii) | राई, लिम्बू, सुनुवारी |
| (c) | भोट-बर्मेली परिवार | (iii) | सतारी (सन्थाली) |
| (d) | आर्य युरोपेली परिवार | (iv) | धाँगडी |

| | (a) | (b) | (c) | (d) |
|---|---|---|---|---|
| (1) | (iii) | (iv) | (ii) | (i) |
| (2) | (i) | (iv) | (iii) | (ii) |
| (3) | (iv) | (i) | (ii) | (iii) |
| (4) | (ii) | (iv) | (i) | (iii) |

**25.** भोजले 'सरस्वतीकण्ठाभरण' मा प्रौढ अर्थ र कोमल सन्दर्भ भएको रचनालाई कस्तो वृत्ति मानेका छन् ?

(1) कौशिकी। (2) मध्यमकौशिकी। (3) आरभटी। (4) मध्यमारभटी।

**26.** सङ्केतविज्ञानी त्स्वेतान तोदोरोवले कुन ग्रन्थमा अन्तर्निहित इतिवृत्तको विश्लेषण गरी 'नारातोलजी' (न्यारेटोलजी) शब्द प्रयोग गरेका छन् ?

(1) होमरको 'ओडिसी'। (2) डिफोको 'रबिन्सन क्रुसो'।

(3) चसरको 'केन्टरबरी टेल्स'। (4) बोक्कासियोको 'देकामेराँ'।

**27.** ईश्वर बरालले 'ग्रामर अव् द नेप्लिज ल्याङ्वेज' मा प्रकाशित तीनवटा कुथुङ्ग्रीका अनुवादक को हुन् भनेका छन् ?

(1) जे.ए. एटन। (2) मुन्सी। (3) वाणीविलास पाँडे। (4) अज्ञात।

**28.** 'नागाहिलको सवाइ' का रचनाकार को हुन् ?

(1) तुलचन आले। (2) गजबीर राना मगर। (3) नरबहादुर राना। (4) धनवीर भण्डारी।

www.prepp.in
Prepp
Your Personal Exams Guide

**29.** तलको कुन चाहिँ कथन ठिक हो ?

(1) उपमेय र उपमानको तुलना गर्दा रूपक अलङ्कार हुन्छ।

(2) उपमेयलाई उपमानभन्दा उच्चकोटिको देखाउँदा रूपक अलङ्कार हुन्छ।

(3) एउटा कथनलाई प्रतीकको रूपमा अर्को कथनसँग मिलाउँदा रूपक अलङ्कार हुन्छ।

(4) उपमेयमा उपमानको अभेद आरोप गरिँदा रूपक अलङ्कार हुन्छ।

**30.** तलका मध्ये कुन चाहिँ पहलमानसिंह स्वाँरको कृति हो ?

(1) वीरचरित्र। (2) एकलाखको चोरी। (3) बहादुर चरित्र। (4) वीरसिक्का।

**31.** 'परम्परा मानिसभन्दा ठुलो होइन। ...हामीले त्यसलाई संशोधन मात्र गर्ने होइन जरादेखि निमोठेर फाल्नुपर्छ।'

– यो कुन साहित्यिक आन्दोलनसित सम्बन्धित छ ?

(1) सडक कविता क्रान्ति। (2) अस्वीकृत जमात।

(3) अमलेख। (4) राल्फा आन्दोलन।

**32.** बीसौँ शताब्दीका प्रसिद्ध समालोचक रिचर्ड्सले सृजनात्मक विज्ञानका क्षेत्रमा कसलाई 'ग्यालिलियो' को संज्ञा दिएका छन् ?

(1) बेनेडिट्टो क्रोचे। (2) एस टी कलरिज।

(3) अल्बर्ट कामु। (4) फ्रान्ज काफ्का।

**33.** रूपनारायण सिंहले कुन तीन तत्त्वको सहसंयोजनद्वारा साहित्यको उत्तरोत्तर विकास हुन्छ भनेका छन् ?

(1) छन्द, लय र भाषा। (2) प्रतीक, विम्ब र बुनोट।

(3) भक्ति, भाव र भाषा। (4) व्यथा, विचार र विवेचना।

**34.** शङ्कर लामिछानेले 'एब्स्ट्रयाक्ट चिन्तन प्याज' निबन्ध सङ्ग्रहका निबन्धमाथि गरेको टिप्पणी कुन हो ?

(1) साहित्य आलुबखडा कि आऊँ ?

(2) तीन त्रिलोक र कापमा अनेक लोक।

(3) जीवन र जगत्को यथावत् अनुकरणमा कुनै मूढता वा अपरिष्कृतता हुन सक्तैन।

(4) यी मेरा कालरात्रीका उज्वल तारिका हुन्।

www.prepp.in

Prepp
Your Personal Exams Guide

35. किराती लोककथामा सुम्निमा र पारुहाङका पाँच सन्तान को-को थिए ?

(1) मुर्कुट्टा, राँके भुत, डङ्किनी, किचकन्नी, चुँडेल।

(2) कालभैरव, विरुपाक्ष, मत्स्येन्द्रनाथ, गुह्येश्वरी।

(3) मेघ, सूर्य, जल, वृक्ष, पशु-पक्षी।

(4) बाघ, मानिस, भालु, चितुवा, कुकुर।

36. इजरायली लोकसाहित्यविद् विदुषी हेडा ज्याक्सनले लोकसाहित्यलाई कुन पारिभाषिक शब्दद्वारा चिनाएकी छन् ?

(1) जनसाहित्य। (2) ग्राम्यसाहित्य। (3) जातिकाव्य। (4) आद्यकाव्य।

37. ''सौन्दर्यशास्त्रका सिद्धान्तहरूको पनि तुलनात्मक अध्ययन हुन सक्छ।''

– यो कसको मन्तव्य हो ?

(1) एलन टेट। (2) वाल्टर पेटर। (3) लुई आरागो। (4) रेने वेलेक।

38. 'रासि गीत' कसले गाउँछन् ?

(1) रोपाहारहरूले। (2) बाउसेहरूले। (3) घँसियाहरूले। (4) दँएरेहरूले।

39. पारम्परिक रूपले तलका मध्ये कुन नृत्यगीतमा पुरुषहरूको मात्र सहभागिता रहन्छ ?

(1) सँगिनी। (2) फागु वा होरी। (3) मारुनी। (4) रत्यौली।

40. तलका मध्ये कुन कृति चन्द्र शमशेरको हुकुममुताबिक रचिएको थियो ?

(1) विश्वराज हरिहर शर्माको 'रागसङ्ग्रह'।

(2) ए एम पठानको 'गोर्खागीतप्रकाश'।

(3) नेपाल राष्ट्रिय विद्यापीठको 'नेपाली लोकगीत सङ्ग्रह'।

(4) धर्मराज थापाको 'मेरो नेपाल भ्रमण'।

www.prepp.in

Prepp
Your Personal Exams Guide

41. 'मिथेमको संरचना भन्नु नै मिथेमका समूह (बन्डल अव् मिथेम्स) का बिचको सम्बन्ध हो।'

– यस्तो विचार प्रकट गर्ने विद्वान्  को हुन्?

(1) स्टिथ थम्प्सन।
(2) एलान डुन्डेस।
(3) भ्लादिमिर प्रप।
(4) लेभी स्त्रास।

42. जापानी दाँत, फारसी ओठ

अरबी कपाल, मिस्री नाक

भारती आँखा, चिनियाँ रङ्ग

रोमानी स्वर, युनानी जीउ

अमेरिकी बल, रुसी एकता

फ्रान्सिसी स्वभाव, अङ्ग्रेजी बुद्धि

जर्मनी साहस, नेपाली शौर्य्य

छ्यासमिस भएर मुछियो;

संसारमा खिचडी पाक्यो।

–उपर्युक्त पङ्क्तिहरू कुन कृतिबाट उद्धृत गरिएका हुन्?

(1) युद्ध र योद्धा।
(2) आगो र पानी।
(3) मायाविनी सर्सी।
(4) सूर्यदान।

43. ''गतिलो साहित्य तपस्याले मात्र लेखिन्छ। मैले त जागिरे भएपछि यो नाटक लेख्न कलम उठाएको हुँ। त्यसैले जागिर मागेर लेखिएको यो नाटकले गतिलो साहित्यको ठाउँ लिन खोज्यो भने अर्घेलो भइमाग्न बेर छैन।''

– यो भनाइ कुन कृतिका विषयमा कसले भनेका हुन्?

(1) 'सावित्री सत्यवान' बारे लक्ष्मीप्रसाद देवकोटा।
(2) 'मसान' बारे गोपालप्रसाद रिमाल।
(3) 'भुसको आगो' बारे गोविन्दबहादुर मल्ल गोठाले।
(4) 'मुटुको व्यथा' बारे बालकृष्ण सम।

www.prepp.in

Prepp
Your Personal Exams Guide

44. 'माधवी' पत्रिकामा हलन्त बहिष्कारवादी राममणि आदीले कुन छद्मनाम प्रयोग गरेका छन् ?

(1) पद्मविलास पन्त।
(2) नरदेव पाण्डे।
(3) मातृप्रसाद शर्मा अधिकारी।
(4) राजीवलोचन जोशी।

45. पादरी टर्नबुलले आफ्नो व्याकरण पुस्तक 'नेपाली व्याकरण तथा अङ्ग्रेजी-नेपाली तथा नेपाली-अङ्ग्रेजी शब्दभण्डार' मा नेपाली भाषाले कुन कुन भाषासँग साम्य राख्छ भनेका छन् ?

(1) संस्कृत र हिन्दी भाषासँग।
(2) राजपुताना र पंजाबको हिन्दी भाषासँग।
(3) बिहारी र अवधी भाषासँग।
(4) गुजराती र हिन्दी भाषासँग।

46. ''नेपाली लोकसाहित्यको सङ्कलन, अध्ययन, अन्वेषण र संरक्षणमा विशेष जोड दिनु भनेको नेपाली साहित्यको निजत्वको जगेर्ना गर्नु हो तथा यसको विकासक्रमलाई गतिशील बनाउनु हो।''

– यो भनाइ कुन विद्वान्को हो ?

(1) एस एम वाइबा।
(2) एम एम गुरुङ।
(3) तुलसी दिवस।
(4) सत्यमोहन जोशी।

47. ''कहाँ थियो वास अघी म को थिएँ
कसो हुँदा यो पिँजरा लिँदो भएँ।
कहाँ छ जानू कुन साथ लीकन
तँलाइ मालुम् छ कि यो कुरा मन।।''

– यो कविता कुन छन्दमा लेखिएको छ ?

(1) उपजाति।
(2) उपेन्द्रवज्रा।
(3) वंशस्थ।
(4) इन्द्रवज्रा।

48. ''घर ठूलो थियो। चारैपट्टि कमेरो माटाले लिपेको छ। कमानले बनाइदिएकोमा काठपात थपेर बस्न लायकको र सुन्दर बनाएको रहेछ। अघिल्तिर आँगनमुनि गोठमा गाईहरू कराएर कुँडोपिनाको माग गर्दै थिए। टाट्नुमाथि नै चढेर बाख्राले घाँस किल्चीमिल्ची पार्दै थियो।''

– उक्त गद्यांश कुन उपन्यासबाट उद्धृत गरिएको हो ?

(1) इन्द्रबहादुर राईको 'आज रमिता छ'।
(2) लीलबहादुर क्षेत्रीको 'बसाइँ'।
(3) शिवकुमार राईको 'डाकबङ्गला'।
(4) इन्द्र सुन्दासको 'सहारा'।

www.prepp.in

Prepp
Your Personal Exams Guide

**49.** बालकृष्ण समको 'प्रह्लाद' नाटक पहिलोचोटि अङ्ग्रेजीमा अनुवाद गर्ने विद्वान् को हुन्?

(1) माइकल हट।  (2) मधुसुदन देवकोटा।  (3) मोतीवार राई।  (4) तीर्थराज तुलाधर।

**50.** आचार्य विश्वनाथअनुसार तल समूह '**क**' मा दिइएका रसका समूह '**ख**' मा भएका विरोधी रसहरू चिन्हित गर्नुहोस् :

| | **क** | | **ख** |
|---|---|---|---|
| (a) | रौद्र | (i) | शृङ्गार |
| (b) | वीर | (ii) | शृङ्गार, रौद्र, हास्य, भयानक |
| (c) | शान्त | (iii) | हास्य, शृङ्गार, भयानक |
| (d) | वीभत्स | (iv) | भयानक, शान्त |

| | **(a)** | **(b)** | **(c)** | **(d)** |
|---|---|---|---|---|
| (1) | (ii) | (iv) | (i) | (iii) |
| (2) | (iii) | (iv) | (ii) | (i) |
| (3) | (i) | (iii) | (ii) | (iv) |
| (4) | (iv) | (iii) | (i) | (ii) |

- o 0 o -

Prepp Your Personal Exam Guide

www.prepp.in
Prepp
Your Personal Exams Guide

Space For Rough Work